# दर्शनाचार्य/विद्यावारिधि (M.Phil/ Ph.D.) को शोधप्रस्ताव तथा शोधप्रबन्धको संरचना, ढाँचा र सर्न्दभसामग्रीको प्रयोगसम्बन्धी

# निर्देशिका

# २०८२


सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय,

डीनको कार्यालय

महेन्द्रनगर, कञ्चनपुर

दर्शनाचार्य/विद्यावारिधि शोधप्रस्तावका लागि आवरण पृष्ठको नमूनाः

# **कैलाली जिल्लामा प्रचलित संस्कारगीतको सन्दर्भपरक विश्लेषण**

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय,

डीनको कार्यालय महेन्द्रनगरद्वारा सञ्चालित

नेपाली विषयमा दर्शनाचार्य/विद्यावारिधि

उपाधिका लागि

प्रस्तुत

शोधप्रस्ताव

शोधार्थी

......................

रजिस्ट्रेसन नं.: . . . . . . . . .

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र संकाय

महेन्द्रनगर, कञ्चनपुर, नेपाल

२०८२ (सन् २०२५)

दर्शनाचार्य-विद्यावारिधि शोधप्रबन्धका लागि आवरण पृष्ठको नमूना :

# आधुनिक नेपाली कथामा लैङ्गिकता

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय,

डीनको कार्यालय महेन्द्रनगरद्वारा सञ्चालित

नेपाली विषयमा दर्शनाचार्य/विद्यावारिधि

उपाधिका लागि

प्रस्तुत

शोधप्रबन्ध

शोधकर्ता

.....................

रजिस्ट्रेसन नं.: . . . . . . . . .

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र संकाय

महेन्द्रनगर, कञ्चनपुर, नेपाल

२०८२ (सन् २०२५)

## दर्शनाचार्य–विद्यावारिधिका लागि दिशानिर्देशन : शोधप्रबन्धको संरचना तथा ढाँचा

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायले दर्शनाचार्य/विद्यावारिधि (एम.फिल /पीएच.डी.) को शोधप्रबन्धको ढाँचामा एकरूपता कायम गर्न शोधप्रबन्ध तयारीका लागि निम्नलिखित किसिमको रूपरेखा तयार गरेको छ । अनुसन्धानकर्ताहरू तथा शोधनिर्देशकहरूले यसैलाई आधार मानेर अनुसन्धान गर्नु-गराउनुपर्नेछ :

**प्रारम्भिक खण्ड**

**यस खण्डअन्तर्गत शोधप्रबन्धमा निम्नलिखित अवयवहरू हुनुपर्नेछ :**

(क) आवरणपृष्ठ

(ख) खालीपृष्ठ

(ग) भित्री आवरणपृष्ठ

(घ) घोषणा

(ङ) सुपरिवेक्षक (हरू) को सिफारिसपत्र

(च) स्वीकृति पत्र

(छ) प्राक्कथन/कृतज्ञताज्ञापन

(ज) शोधसार

(झ) विषयसूची

(ञ) सङ्क्षेपीकृत शब्दसूची (यदि छ भने मात्र)

(ट) तालिकासूची (यदि छ भने मात्र)

(ठ) चित्रहरूसूची (यदि छ भने मात्र)

ड) सङ्केतसूची (यदि छ भने मात्र)

## पहिलो परिच्छेद

## शोधपरिचय

१.१ विषयपरिचय

१.२ समस्याकथन

१.३ शोधको उद्देश्य

१.४ पूर्वकार्यको समीक्षा (**सैद्धान्तिक र प्रायोगिक दुवै, शोधरिक्ततासमेत स्पष्ट हुनेगरी, कम्तीमा ३० ओटा पूर्वकार्यहरूको समीक्षा**)

१.५ शोधको औचित्य र महत्व

१.६ शोधकार्यको सीमाङ्कन

१.७ अध्ययनविधि

१.७.१ सामग्रीसङ्कलन विधि

१.७.२ विश्लेषणविधि र दार्शनिक आधार

१.७.३ सैद्धान्तिक पर्याधार, विश्लेषणविधि र ढाँचा (**१० देखि १५ पृष्ठ**)

१.८ शोधप्रबन्धको रूपरेखा

## दोस्रो परिच्छेद

## शीर्षक : सम्बन्धित अध्ययनको सर्वेक्षणसम्बन्धी कुनै उपयुक्त शीर्षक

## (यो सर्वेक्षण विषयको प्रकृति हेरी आवश्यकता भए मात्र राख्ने)

२.१ विषयप्रवेश

२.२ ........ को सर्वेक्षणका शीर्षक-उपशीर्षकहरू

२.४ निष्कर्ष

## तेस्रो परिच्छेद

## शीर्षक : शोधप्रश्न (क) को उत्तरसँग सम्बन्धित कुनै उपयुक्त शीर्षक

## (विश्लेषणको परिच्छेद)

३.१ विषयप्रवेश

३.२ .................को सैद्धान्तिक अवधारणा

३.३ देखि माथिका दशमलवहरूमा आवश्यकताअनुसार विश्लेषणका विभिन्न शीर्षक, उपशीर्षक र सहायक

शीर्षकहरू रहनेछन् । यस्ता उपशीर्षकहरूलाई सकेसम्म तीन अङ्के दशमलव प्रणाली (३.१.१) मा व्यवस्थित बनाउनु उपयुक्त हुन्छ । विषयको प्रकृति हेरी कतिपय ठाउँमा चार अङ्के दशमलव प्रणाली (३.१.१.१) सम्म बनाउन सकिन्छ तापनि त्यसभन्दा बढी बनाउनु उपयुक्त हुँदैन ।

३.४ निष्कर्ष

## चौथो परिच्छेद

## शीर्षक : शोधप्रश्न (ख) को उत्तरसँग सम्बन्धित कुनै उपयुक्त शीर्षक

## (विश्लेषणको परिच्छेद)

४.१ विषयप्रवेश

४.२ .................को सैद्धान्तिक अवधारणा

४.३ देखि माथिका दशमलवहरूमा आवश्यकताअनुसार विश्लेषणका विभिन्न शीर्षक, उपशीर्षक र सहायक शीर्षकहरू रहनेछन् । यस्ता उपशीर्षकहरूलाई सकेसम्म तीन अङ्के दशमलव प्रणाली (४.१.१) मा व्यवस्थित बनाउनु उपयुक्त हुन्छ । विषयको प्रकृति हेरी कतिपय ठाउँमा चार अङ्के दशमलव प्रणाली (४.१.१.१) सम्म बनाउन सकिन्छ तापनि त्यसभन्दा बढी बनाउनु उपयुक्त हुँदैन ।

४.४ निष्कर्ष

## पाँचौँ परिच्छेद

## शीर्षक : शोधप्रश्न (ग) को उत्तरसँग सम्बन्धित कुनै उपयुक्त शीर्षक

## (विश्लेषणको परिच्छेद)

५.१ विषयप्रवेश

५.२ .................को सैद्धान्तिक अवधारणा

५.३ देखि माथिका दशमलवहरूमा आवश्यकताअनुसार विश्लेषणका विभिन्न शीर्षक, उपशीर्षक र सहायक शीर्षकहरू रहनेछन् । यस्ता उपशीर्षकहरूलाई सकेसम्म तीन अङ्के दशमलव प्रणाली (५.१.१) मा व्यवस्थित बनाउनु उपयुक्त हुन्छ । विषयको प्रकृति हेरी कतिपय ठाउँमा चार अङ्के दशमलव प्रणाली (५.१.१.१) सम्म बनाउन सकिन्छ तापनि त्यसभन्दा बढी बनाउनु उपयुक्त हुँदैन ।

५.४ निष्कर्ष

**(सारांश र निष्कर्षको अन्तिम परिच्छेदभन्दा अगाडि शोधप्रश्न/उद्देश्यको प्रकृतिअनुसार अन्य अतिरिक्त परिच्छेद हुन सक्छन् । यसको अर्थ परिच्छेदहरूको सङ्ख्या शोधप्रबन्ध (M.Phil/PhD) को प्रकृतिमा निर्भर गर्दछ ।)**

## छैटौँ परिच्छेद

### सारांश र निष्कर्ष

६.१ शोधको सारांश

६.२ शोधका प्राप्ति

६.३ निष्कर्ष

## परिशिष्ट

**(आवश्यकता भएमा मात्र)**

## सन्दर्भसामग्री सूची

(APA/एपिए छैटौं संस्करणअनुसार)

### उद्धरण र सन्दर्भसामग्री सूचीका सामान्य शैलीहरू

(क) **सामान्य शैली**

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सम्पन्न हुने दर्शनाचार्य-विद्यावारिधि (M.Phil-Ph.D) का कार्यक्रमहरूमा प्रस्तुत गरिने शोधप्रबन्धहरूको आकारगत संरचना यसप्रकार हुनेछ :

१. **फन्ट :** प्रीति र कान्तिपुर १६, वा युनिकोड : जगमञ्जरी, मञ्जरी, मञ्जरी वर्णमाला (१४) र कोकिला १६) फन्टको आकारमा गर्ने,

२. **पृष्ठ लेआउट :** A4, १.५ इन्च बायाँ छेउ र १ इन्च स्पेस बाँकी अन्य छेउमा छाड्ने,

३. **पृष्ठसङ्ख्या :** पृष्ठसङ्ख्या शीर्ष भागको दायाँतिर वा तल बिचमा राख्नुपर्छ । पृष्ठ १ मा मुख्य भाग वा पहिलो परिच्छेद सुरु गर्ने, तर परिच्छेद सुरु हुने पृष्ठमा पृष्ठसङ्ख्या लुप्त हुन्छ । प्रारम्भिक खण्ड वा अग्रभागका पृष्ठसङ्ख्यामा १, २, ३ आदि नगरी (क, ख, ग...) अक्षरहरू प्रयोग गर्ने,

४. **पङ्क्ति अन्तराल** (स्पेसिङ) : १.५ पङ्क्ति अन्तराल बनाउने र अनुच्छेद परिवर्तनपछिको पहिलो पङ्क्ति (इन्डेन्टेसन) मा ०.५ स्पेस राख्ने वा एक ट्याब भित्र पार्ने,

५. पूर्ण जस्टिफिकेसन गर्ने ।

६. **आकार :** दर्शनाचार्य/विद्यावारिधि (M.Phil/Ph.D) का कार्यक्रमहरूमा प्रस्तुत गरिने शोधप्रबन्धहरूको आकार वा पृष्ठसङ्ख्या यति नै हुन्छ र हुनुपर्छ भन्ने हुँदैन । विषयको प्रकृतिले पनि आकारमा अलि ठूलोसानो हुनसक्छ । समान्यतया नेपालका विश्वविद्यालयहरूको अभ्यासका आधारमा सामान्यतया दर्शनाचाय (M.Phil) को शोधप्रबन्ध न्यूनतम ११५ पृष्ठको र विद्यावारिधि (Ph.D) को शोधप्रबन्ध न्यूनतम २५० पृष्ठको हुनु उपयुक्त मानिन्छ ।

**(ख) गुणात्मक तथा परिमाणात्मक शब्दहरू**

**गुणात्मक शब्दहरू :** गुणात्मक प्रकृतिका अनुसन्धानमा उद्देश्य तथा अनुसन्धान प्रश्नहरूको लेखन गर्दा खोजी गर्नु, व्याख्या गर्नु, विश्लेषण गर्नु, विवेचना गर्नु, मूल्याङ्कन गर्नु, समीक्षा गर्नु, पहिचान गर्नु, वर्णन गर्नु, पत्ता लगाउनु (के/किन/कसरी) आदि जस्ता क्रियापद प्रयोग गर्नुपर्दछ । त्यसमा पनि साहित्यविषयक शोध छ भने तिनमा विश्लेषण गर्नु, विवेचना गर्नु, मूल्याङ्कन गर्नु, समीक्षा गर्नुजस्ता क्रिया नै प्रयोग गर्नुपर्छ ।

**परिमाणात्मक शब्दहरू :** परिमाणात्मक प्रकृतिका अनुसन्धानमा उद्देश्य तथा अनुसन्धान प्रश्नहरूको

लेखनमा; सम्बन्ध देखाउनु, प्रभाव वा असर, कारण, परीक्षण, प्रयोग, भविष्यवाणी, सामान्यीकरण, (के, कति मात्रा, कसरी, किन) आदि क्रियापदको प्रयोग गर्नुपर्छ ।

**(ग) शीर्षक राख्ने तरिका**

(१) शीर्षक निम्नलिखित तहमा राख्ने :

(अ) सबै शीर्षक, उपशीर्षक, सहायक शीर्षकहरू बायाँतिर राखी **गाढा** (**Flush left**) गर्ने र नयाँ हरफबाट पाठ लेख्ने,

(आ) परिच्छेदको सङ्ख्या (पहिलो परिच्छेद, दोस्रो परिच्छेद आदि) प्रीति फन्टमा भए १८ प्वाइन्ट गाढा गर्ने र Times New Roman मा भए १६ प्वाइन्ट गाढा गर्ने,

(इ) परिच्छेदको मूलशीर्षक प्रीति फन्टमा भए २२ प्वाइन्ट गाढा गर्ने र Times New Roman मा भए २० प्वाइन्ट गाढा गर्ने,

(ई) एक अङ्के शीर्षक (१.) प्रीति फन्टमा भए २० प्वाइन्ट गाढा गर्ने र Times New Roman मा भए १८ प्वाइन्ट गाढा गर्ने,

(उ) दुई अङ्के शीर्षक (१.१) प्रीति फन्टमा भए १८ प्वाइन्ट गाढा गर्ने र Times New Roman मा भए १६ प्वाइन्ट गाढा गर्ने,

(ऊ) तीन अङ्के शीर्षक (१.१.१) प्रीति फन्टमा भए १७ प्वाइन्ट गाढा गर्ने र Times New Roman मा भए १४ प्वाइन्ट गाढा गर्ने,

(ए) चार अङ्के शीर्षक (१.१.१.१) प्रीति फन्टमा भए १६ प्वाइन्ट गाढा गर्ने र Times New Roman मा भए १२ प्वाइन्ट गाढा गर्ने,

(ऐ) मूलपाठ प्रीति फन्टमा भए १६ प्वाइन्ट सादा गर्ने र Times New Roman मा भए १२ प्वाइन्ट सादा गर्ने,

(ओ) सन्दर्भग्रन्थ सूची, परिशिष्ट आदिलाई मूलपाठसरह प्रीति फन्टमा भए १६ प्वाइन्ट सादा गर्ने र Times New Roman मा भए १२ प्वाइन्ट सादा गर्ने ।

**(घ) एपिए (APA - 6) पाठभित्रका उद्धरण शैलीहरू**

एपिए छैटौं संस्करणमा पाठभित्र (इन-टेक्स्ट) उद्धरण गर्दा लेखकको अन्तिम नाम र प्रकाशनको वर्ष (मिति) समावेश हुन्छ । यदि स्रोतको एक विशेष भाग उद्धृत गर्ने हो भने, पृष्ठ पनि समावेश गर्नुपर्छ । उदाहरणका लागि : (गौतम, २०६६, पृ. ३४) ।

(१) कोष्ठकीय (प्यारेन्थेटिकल) उद्धरण : अनुसार ……… (पोखरेल, २०७०, पृ. ११) ।

अथवा

पोखरेल (२०७०) ले .......................................(११) भनेका छन् ।

(२) कथात्मक वा वर्णनात्मक (न्यारेटिभ) उद्धरण : अधिकारी (२०६५) ले ......... उल्लेख गरेका छन् ।

**बहुलेखक तथा संस्थागत (कर्पोरेट) लेखकहरू**

| **लेखकका प्रकार** | **कोष्ठकीय (प्यारेन्थेटिकल) उद्धरण** | **कथात्मक (वर्णनात्मक) (न्यारेटिभ) उद्धरण** |
|---|---|---|
| **एकल लेखक** | (अधिकारी, २०६५, पृ. ७३) | अधिकारी (२०६५) |
| **दुई लेखकहरु** | (भण्डारी र ओझा, २०७२, पृ. ५५)। | भण्डारी र ओझा (२०७२) |
| **तीन वा सो भन्दा बढी लेखकहरु** | (भण्डारी र अन्य, २०७२, पृ. ३२)। | भण्डारी र अन्य (२०७२) |
| **संस्थागत** | (राष्ट्रिय योजना आयोग, २०७६, पृ ५३) | राष्ट्रिय योजना आयोग (२०७६) |

**लेखक, मिति, पृष्ठ आदि उल्लेख नभएमा**

| **उल्लेख नभएको पक्ष** | **के गर्ने ?** | **केष्ठकीय उद्धरण** |
|---|---|---|
| **लेखक** | सोतको शीर्षक प्रयोग गर्ने वा अज्ञात लेख्ने | (स्रोतको शीर्षक, २०६०) वा (अज्ञात, २०६०) |
| **मिति** | अनुल्लिखित लेख्ने | (काफ्ले, अनुल्लिखित) |
| **पृष्ठसङ्ख्या** | पृष्ठसङ्ख्या छोडिदिने | (पोखरेल, २०६६) |

(३) APA शैलीमा उद्धृत गर्नका लागि तीन मुख्य नियमहरू छन् :

(क) यदि आफूले लिएको उद्धरण शब्दहरू ४० भन्दा कम छ भने त्यसलाई दोहोरो उद्धरण चिन्हहरूमा राख्नुपर्दछ ।

ख) यदि आफूले लिएको उद्धरण ४० शब्द वा सो बढी छ भने, त्यस पूरै अंशलाई एक ट्याब भित्र पारेर राख्नुपर्दछ वा दोहोरो उद्धरण चिन्हहरूको प्रयोग नगरी ०.५ इन्च भित्र पार्नुपर्दछ ।

ग) यसरी लिइएका ठाउँमा उद्धरणको अन्त्यमा कोष्ठकमा लेखकको थर, वर्ष, र पृष्ठसङ्ख्या उल्लेख गर्नुपर्दछ ।

उदाहरणका लागि : कोइरालाका अनुसार, "शिक्षक नसुध्रे शिक्षा सुध्रिन्न" (शैक्षिक परिक्रमा, २०७७, पृ. ३५१)

**(ङ) सन्दर्भसामग्रीको प्रयोगसम्बन्धी केही नियमहरू :**

सन्दर्भसामग्री सूची प्रविष्टिका (१) लेखकको नाम, (२) प्रकाशित मिति, (३) रचनाको शीर्षक र

(४) प्राप्त गरेको स्रोत गरी चारवटा आधारभूत तत्त्वहरू छन् । यी चार तत्त्वहरूलाई ध्यानमा राखेर कुनै पनि प्रकारका अनुसन्धानात्मक कामको सन्दर्भ सिर्जना गर्न सकिन्छ अनुसन्धाताले यी कुरामा ध्यान दिनुपर्छ । यसका केही आधारभूत कुराहरू यसप्रकार छन् :

(१) सन्दर्भसामग्री सूची पाठपछि नयाँ पृष्ठबाट सुरु गर्ने र पृष्ठको बीचमा **सन्दर्भसामग्री सूची** लेख्ने र गाढा (बोल्ड) गर्ने,

(२) लेखकको थर पहिले लेख्ने र वर्णानुक्रमअनुसार सन्दर्भसूची क्रमबद्ध लेख्ने,

(३) सम्पूर्ण सन्दर्भसामग्री सूचीमा मूलपाठमा जस्तै १.५ पङ्क्तिअन्तराल (स्पेस) दिने,

(४) प्रत्येक सन्दर्भसामग्री सूची प्रविष्टिमा एउटा पङ्क्तिमा एउटा सन्दर्भ नअटाएमा दोस्रो पङ्क्तिमा लैजाँदा ०.५ इन्च माथिल्लो पङ्क्तिभन्दा भित्र पार्ने (ह्याङ्गिङ इन्डेन - (hanging indent) गर्ने अर्थात् पहिलो पङ्क्ति बायाँतिर सार्ने (flush left) र त्यसपछिका पङ्क्ति बायाँबाट ०.५ इन्च भित्र गर्ने,

(५) पहिले लेखकको थर लेख्ने, त्यसपछि अल्पविराम दिने र एक अन्तराल (स्पेस) दिएर नाम लेख्ने : जस्तै, बोगटी, हिमालयसिंह,

(६) दुईजना लेखकहरू मात्र भएमा अन्तिम लेखकको नाम अघि र को प्रयोग गर्नुपर्छः थापा, लखन र बिष्ट, रुपचन्द्र, त्यस्तै तीनभन्दा बढी जतिजनासम्म भए पनि अन्त्यमा 'र अन्य' लेख्ने,

(८) लेखकहरूको रूपमा दुई समूह वा संस्थाहरुलाई अलग गर्न अल्पविराम प्रयोग नगरी 'र' को प्रयोग गर्ने, जस्तै : नेपाली केन्द्रीय विभाग र समाजशास्त्र केन्द्रीय विभाग,

(१०) सन्दर्भसामग्री सूची राख्दा लेखकको थर, नाम (प्रकाशित मिति), कृतिको शीर्षक, प्रकाशन स्थान र प्रकाशक उल्लेख गर्ने र प्रकाशित पुस्तक तथा पत्रपत्रिकाको नामलाई *इटालिक* गर्ने,

(११) आवधिक सामग्री (जर्नल पत्रिका, अखबार, समाचारपत्र वा ब्लग) हरूको सन्दर्भसूची तयार गर्दा शीर्षक, वर्ष, अङ्क वा पूर्णाङ्क, सङ्ख्या र पृष्ठको दायरा वा लेख नम्बर दिने र Nepjol/DOI भएका जर्नलहरूमा DOI नम्बर राख्ने, जस्तै, फारवेस्ट रिभ्यु, १(१), ५०-६६ । साथै यसलाई भोल्युम नम्बरसम्म इटालिक गर्ने र त्यसपछिको वर्ष, अङ्क, सङ्ख्या, कोष्ठक वा अल्पविरामहरूलाई इटालिक नगर्ने र पृष्ठसङ्ख्यालाई निर्देशचिह्न (–) द्वारा अलग गर्ने तर अनियमित पृष्ठमा भने अल्पविराम दिने, जस्तै : ३९-४७, ५० । यसरी नै स्रोतको आवधिक जानकारी अंशलाई लेखिसके पछि DOI jf URL लेख्ने,

(१२) एउटै लेखकका एउटै वर्षका एकभन्दा बढी प्रकाशन वा सामग्री भएमा शीर्षकको वर्णानुक्रमलाई आधार मानेर राख्ने,

(१३) नाम र थर एउटै तर भिन्न लेखक तथा एउटै लेखकका एकैवर्ष एकभन्दा बढी सामग्री भए थरका

पछाडि क, ख, ग...गरेर राख्ने,

(१४) कुनै सङ्कलन वा जर्नलभित्रको लेख भएमा लेखको शीर्षकलाई सामान्यमा राख्ने, मूल सङ्कलन वा जर्नलको शीर्षकलाई मात्र *इटालिक* गर्ने र वर्ष, अङ्क, पृष्ठ सङ्ख्या आदिलाई कोष्ठकमा इटालिक नबनाई देखाउने,

(१५) लेखकको थर र नाम, मिति, लेखको शीर्षक, सम्पादकको नाम र थर, पुस्तकको शीर्षक, पृष्ठ सङ्ख्या र प्रकाशन गर्ने निकाय क्रमशः राख्ने, तथा अनूदित पुस्तक भएमा अनुवादकको नामपछि कोष्ठकमा (अनु.) उल्लेख गर्ने,

(१६) लेखक नभएमा लेखकको स्थानमा 'अज्ञात' लेख्ने र मिति नभएमा कोष्ठकमा (मिति अनुल्लिखित) जनाउने,

(१७) प्रकाशन वर्षमा विक्रमसंवत् भएमा साल मात्र लेख्ने, वि.सं. लेख्नुपर्दैन, स्वतः वि.सं. भन्ने बुझिन्छ तर इस्वी संवत्मा भएमा कोष्ठकमा (सन्) लेख्ने,

(१८) कृतिको संस्करण जनाउन कृतिको नामपछि कोष्ठकमा (संस्क.) लेख्ने, जस्तै (पाँचौं संस्क.), तर पहिलो संस्करण हो भने संस्करण उल्लेख नगर्ने,

(१९) मुद्रित पुस्तकको विद्युतीय रूपको सन्दर्भसूची दिँदा लेखकको थर, नाम, मिति, पुस्तकको शीर्षक, पुस्तक रहेको वेवसाइट उल्लेख गर्ने र हेरेको मिति उल्लेख गर्ने,

(२०) उद्धृत अंशभित्र कुनै भाषिक वा साङ्ख्यिक त्रुटि भए उक्त त्रुटियुक्त अंशपछि कोष्ठकमा (यथा त्यस्तै) लेख्ने, उद्धरणभित्रै उद्धरण भए त्यस अंशलाई एकल उद्धरण चिह्नमा राख्ने,

(२१) सन्दर्भसामग्री राख्दा देवनागरी लिपिका सामग्रीलाई देवनागरी लिपिमा नै र रोमन लिपिका सामग्रीलाई रोमन लिपिमा नै राख्ने र यसो गर्दा सुरुमा देवनागरी लिपिका सामग्री राख्ने र त्यसपछि रोमन लिपिका सामग्री राख्ने,

(२२) देवनागरी लिपि र रोमन लिपिका सन्दर्भसामग्रीलाई अलगअलग नराखी एकै ठाउँमा राख्न पनि सकिन्छ । यसो गर्दा रोमन लिपिका सन्दर्भसामग्रीका लेखकको थरलाई सुरुमा देवनागरी लिपिमा राख्ने र तिर्यक चिह्न दिएर बाँकी अरू सबै कुरालाई रोमन लिपिमा नै यथावत गर्ने, यसो गर्दा सबै सामग्रीहरूलाई देवनागरी वर्णानुक्रममा मिलाउने, जस्तै :

वेस्ट/Best, J.W. & Kahn, J.V.(2010). Research in education (10th ed.). Phi Learning Pvt. Ltd.

**(च) सन्दर्भसामग्री सूचीको प्रयोगसम्बन्धी केही उदाहरणहरू :**

**१. एकजना मात्र लेखक भएको पुस्तक**

अधिकारी, ज्ञानु (२०७४). *साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना.* ललितपुर : साझा प्रकाशन।

सुवेदी, राजेन्द्र (२०६८). *नेपाली समालोचना : परम्परा र प्रवृत्ति.* (दोस्रो संस्क.). काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

Cuddon, J.A. (1998). *The penguin dictionary of literary terms and literary theory* (3rd ed.). U.S.A. : Penguin Books Ltd.

**२. दुईजना लेखक भएको पुस्तक**

गौतम, लक्ष्मणप्रसाद र अधिकारी ज्ञानु (२०६८). *नेपाली कथाको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

Abrams, M.H. & Harpham, G.G. (1999). *A glossary of literary terms* (7th ed.) Delhi : Harcourt Asia PTE Ltd.

**३. पहिलो संस्करण अनुपलब्ध भई पछिल्ला संस्करण लिइएको पुस्तक**

गौतम, लक्ष्मणप्रसाद (२०६६/२०८०). *समकालीन नेपाली कविताका प्रवृत्ति.* (दोस्रो संस्क.) काठमाडौँ : पैरवी प्रकाशन ।

**४. सम्पादकको उल्लेखसहितको पुस्तक (सामूहिक सङ्कलन)**

गौतम, लक्ष्मणप्रसाद (२०६८). 'विधाविघटन र विधामिश्रण', *रत्नबृहत् नेपाली समालोचना (भाग तीन).*( सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

Freud, S. (1989). *The Freud reader* (P. Gay, Ed.). W.W. Norton & Company.

Gay, P. (Ed.). (1989). *The Freud reader*. W.W. Norton & Company.

**५. लेखकसहितको अनूदित पुस्तक**

स्विङ्गवुड, एलन (सन् १९८६). साहित्य के समाजशास्त्रीय सिद्धान्त. कृष्णदत्त शर्मा (अनु.), *साहित्य का समाजशास्त्रीय चिन्तन* (१३-४९). दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशालय, दिल्ली विश्वविद्यालय ।

Derrida, J. (2002). *Of grammatology* (G.C. Spivak, Trans.). Delhi : Motilal Banarsidass Publishers Pvt. Ltd.

**६. अनुवादमा पुनः प्रकाशित पुस्तक**

भरतमुनि (२०७७) *भरतमुनिको नाट्शास्त्र* (दोस्रो संस्क.). (गोविन्दप्रसाद भट्टराई, अनु. तथा सम्पा.). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

Freud, S. (1949). *Group psychology and the analysis of the ego* (J. Strachey, Trans.). U.S.A. : The Hogarth Press. (Original work published 1922).

**७. पुस्तकका धेरै भागमध्येको एउटा भाग (Book Chapter)**

अधिकारी, ज्ञानु (२०७६). 'समकालीन नेपाली कथामा साइबर चेतना', *प्रज्ञा समकालीन नेपाली कथाविमर्श.* (पृ. १२६–१५२), (सम्पा.) ज्ञानु अधिकारी. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, अभि (२०७२), 'समकालीन नेपाली कवितामा जनजातीय चेतना', *प्रज्ञा समकालीन नेपाली कविताविमर्श.* (पृ. १५–७०), (सम्पा.) अमर गिरी, लक्ष्मणप्रसाद गौतम र हेमनाथ पौडेल. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

Lyotard, J.F. (1984). Theory and history of literature; Vol. 10. *The Postmodern condition: A report on knowledge* (G. Bennington & B. Massumi, Trans.). Manchester University Press.

**८. शब्दकोश र विश्वकोश वा इन्साइक्लोपेडिया**

आप्टे, शिवराम (सन् १९६९). *संस्कृत-हिन्दी कोश* (दोस्रो संस्क.). मोतीलाल बनारसीदास ।

Ayres, L. (2008). Thematic coding and analysis. In L.M. Given (Ed.), *The SAGE encyclopedia of qualitative research method* (Vol 1&2, pp. 867-868). SAFE Publications, Inc.

*Oxford advanced learner's dictionary* (n.d.). Fiction. Retrieved October 22, 2022. https://www.oxfordlearnersdictionaries.com/definition/american_english/fiction.

**९. प्राचीन पुस्तक**

*ऋग्वेद संहिता* (२०६७). प्रसन्नचन्द्र गौतम, (अनु.). काठमाडौँ : कुलचन्द्र गौतम स्मृति संस्था ।

Aristotle (1902). *Poetics of Aristotle* (S.H. Butcher, Trans, 3rd ed.) Macmillan and Co. Ltd. (Original work published ca. 350 B.CE.)

**१०. विकिपेडियाको सामग्री**

Feminism (2023, June 13). In Wikipedia. https://en.wikipedia.org/wiki/feminism.

**११. शोधपत्र तथा शोधप्रबन्ध**

अधिकारी, बुद्धिनाथ, (२०५६). 'रमेश गोर्खालीको जीवनी, व्यक्तित्व र कृतित्व' (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर ।

पौड्याल, एकनारायण (२०७०). 'समकालीन नेपाली समालोचनाका प्रवृत्ति', (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय, कीर्तिपुर, काठमाडौँ ।

**१२. DOI सहितको जर्नल लेख**

घर्ती, दुर्गाबहादुर (२०८१). 'लोकसाहित्यको मनोविश्लेषणात्मक अध्ययनपद्धति'. *वाङ्मय.* (२०), १-१२ । https://doi.org/10.3126/vamgmaya.v20i01.68156.

Pkuyal, komal Prasad (2024). 'Rewriting Elderly Self in Selected Conteporary Nepali Short Fiction'. *PERSPECTIVE ON HIGHER EDUCATION.* (14), 55-66. https://doi.org/10.3126/phe.v14i1.76567.

### १३. DOI नभएको जर्नल लेख

कोइराला, विद्यानाथ (२०८१). 'अनुसन्धानको रैथानेकरण'. *नेपाल अध्ययन जर्नल.* (४/१), १-२२ ।

### १४. अनुवाद गरिएको जर्नल लेख

डेरिडा, ज्याक (सन् १०६८). डिफराँस (भुवन कार्की, अनु.). *नौलो बिहानी.* १२(५), ६६९-७०० ।

### १५. ब्लग पोस्टमा प्रकाशित लेख

घर्ती, दुर्गाबहादुर (२०७६ फागुन १४). आख्यान विश्लेषणको ढाँचा. https://durgagharti.blogpost.com

### १६. सङ्गृहीत लेख

रिमाल, वासु, यात्री (२०५५). आख्यान. ईश्वर बराल तथा अन्य (सम्पा.). *नेपाली साहित्यकोश.* (पृ. ७४-७७). नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

Derrida, J. (2008). Différance. In Beerendra Pandey (Ed.), *Intellectual history reader: A critical introduction* (pp. 669-700). M.K. Publishers & Distributors.

### १७. सम्पादकीय लेख

सम्पादक द्वय. 'साहित्यको आधारभूत सिद्धान्त : समालोचना' (सम्पादकीय). (१-३२) *रत्नबृहत् नेपाली समालोचना (भाग तीन).* (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

### १८. अनलाइन लेख

Britannica (n.d.). Narratology. Retrieved September 11, 2022, from https://www.britannica.com/art/narratology.

**प्रतिज्ञापत्र**

म.....................................................ले विद्यावारिधि उपाधिका लागि प्रस्तुत गरेको ................................................. ........................................... शीर्षकको यो अध्ययन मेरो मौलिक कार्य हो । यो शोधप्रबन्ध (पूर्ण वा आंशिक रूपमा) कुनै पनि विश्वविद्यालयमा उपाधि प्राप्त गर्न वा अन्य कुनै पनि प्राज्ञिक उद्देश्य प्राप्तिका लागि यसभन्दा पहिले प्रस्तुत गरिएको छैन र कहीँ प्रकाशित पनि गरिएको छैन । आवश्यक ठाउँमा मैले मूलस्रोत र द्वितीय स्रोतहरूककबाट सङ्कलन गरिएका सामग्रीहरूलाई उचित रूपमा स्वीकार/उद्धरण गरेको छु । सबै स्रोतहरू र प्रयोग गरिएका साहित्यहरू शोधप्रबन्धको सन्दर्भसामग्री सूचीमा उल्लेख गरिएको छ । शोधप्रबन्धको मौलिकताका लागि म स्वयम् जिम्मेवार रहनेछु ।

मिति :

शोधकर्ता

......................

## शोधप्रबन्ध समितिको सिफारिसपत्र

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयद्वारा सञ्चालित दर्शनाचार्य/विद्यावारिधि कार्यक्रमअन्तर्गत ……………… विषयमा दर्शनाचार्य/विद्यावारिधि उपाधिको प्रयोजनका निम्ति शोधार्थी श्री…………………………………… ले "………………………………" शीर्षकको शोधप्रबन्ध हाम्रा निर्देशनमा परिश्रमपूर्वक तयार पार्नुभएको हो । उहाँले गरेको प्रस्तुत शोधकार्य सन्तोषजनक रहेकाले हामी यसको आवश्यक मूल्याङ्कनका निम्ति सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयसमक्ष सिफारिस गर्दछौँ ।

| | |
|---|---|
| ………………………………… | ……………………………… |
| **कखग** | **कखग** |
| शोधनिर्देशक | सहशोधनिर्देशक |
| ……….. केन्द्रीय विभाग | ………… केन्द्रीय विभाग |
| सुदूरपश्चिम विश्वविद्यालय | सुदूरपश्चिम विश्वविद्यालय |

मिति : / /

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

**डीनको कार्यालय**

महेन्द्रनगर, कञ्चनपुर

## अनुमोदन-पत्र

………………… ……………………………………………………………… शीर्षकमा विद्यावारिधि अनुसन्धान सफलतापूर्वक सम्पन्न गर्ने शोधार्थी श्री ……………………………………………ले ………………… विषयमा विद्यावारिधि उपाधिका लागि आवश्यक प्रक्रिया पूरा गरी अन्तिम मूल्याङ्कनका लागि सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयमा शोधप्रबन्ध बुझाएकामा अनुसन्धान समितिले उक्त शोधकार्य विद्यावारिधि उपाधि प्रदान गर्नका लागि उपयुक्त ठहऱ्याई उपाधि प्रदान गरेको कुरा प्रमाणित गरिन्छ ।

………….

(…………………)

डीन तथा अध्यक्ष

अनुसन्धान समिति

स्वीकृति मिति (सन्)ः ………………